# धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको १५(पन्ध्र) दिने सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७८/०८/१२)

यस विकास बैंकको टाँडी शाखाबाट तपसिलमा उल्लेखित ऋणीले तपसिलमा उल्लेखित चल अचल सम्पत्तिहरु सुरक्षण बापत धितो राखी कर्जा लिनुभएकोमा म्याद भित्र कर्जाको तिर्न बुझाउनु पर्ने सांवा, व्याज तथा हर्जना रकमहरु तिर्न बुझाउनको लागी यस बैंकबाट पटक-पटक मौखिक तथा लिखत रुपमा तरताकेता गर्दा समेत तपाई ऋणी तथा जमानतकर्ताहरुले सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु भएको र बक्यौता रकम चुक्ता फर्स्यौट गर्ने तर्फ कुनै चासो समेत नदेखाउनु भएकोले मिति २०७८/०७/०२ गतेका दिन कारोबार दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको तथा त्यस पश्चात् मिति २०७८/०८/०७ गते अन्तिम ताकेता पत्र पठांउदा समेत कर्जा चुक्ता नभएको हुनाले सो ऋण कर्जाको सम्पूर्ण वक्यौता रकम चुक्ता भुक्तानी हुने मिति सम्मको व्याज, हर्जना रकम समेत फर्स्यौट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यो धितो लिलामको सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्रै तपसिलका ऋणीले अबिलम्ब यस बैंकमा सम्पर्क राखी उक्त ऋण कर्जाका सम्पूर्ण वक्यौता रकम चुक्ता भुक्तानी गरि गराई सुरक्षणमा राखिएको आफ्नो सम्पत्तिहरुको संरक्षण गर्नु हुन समेत यस सूचनाबाट अनुरोध गरिएको छ । यो सूचना समेतको बेवास्ता गरी उल्लिखित समयावधि भित्र बैंकको सम्पूर्ण रकम चुक्ता फर्स्यौट नगर्नु भएको खण्डमा तपाईं ऋणी, जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराइने, कर्जाको सुरक्षण वापत धितोमा रहेको सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा अन्य प्रचलित कानुन बमोजिम यो सूचना प्रकाशित भएको मितिले १६औं (सोहौं) दिनमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्तिहरु उल्लेखित समय, स्थानमा लिलाम बिक्री गरिने हुंदा इच्छुक महानुभावहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैंले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरी लियो भनी कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी, धन/धितो तथा व्यक्तिगत जमानी दिनेहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सुचीमा सुचीकृत गर्न सिफारिस गरी पठाइने समेत जानकारी गराईन्छ साथै अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| ऋणी : **हंस मनोरञ्जन केन्द्र प्रा.लि.**<br>प्रा.फ.र.नं. ९३७८३/०६८/०७९<br>स्थायी लेखा न. ६००६०४६९३<br>अधिकार प्राप्त व्यक्तिको नाम : **गौरीश्वर सापकोटा**<br>बाबु : चक्रपाडि सापकोटा<br>बाजे : जगुपति सापकोटा<br>ठेगाना : भरतपुर वडा नं.१०, चितवन<br>ना.प्र.नं. ३५१७३/०३४<br>जारी मिति : २०५६/०७/१५<br> | हंस मनोरञ्जन केन्द्रको नाममा भरतपुर मालपोत कार्यालयमा दर्ता कायम रहेको चितवन जिल्ला, पंचकन्या न.पा./गा.वि.स., वडा नं. ५ स्थित क्रमशः कित्ता नं. ३२७४ र ३२७५को क्षेत्रफल ०-०-१२-० र ०-९-८-० (जम्मा दश कठ्ठा मात्र) को जग्गा तथा उक्त जग्गामा बनेको होटल, घर भवन, टहरा अन्य संरचनाहरुका साथै सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

**व्यक्तिगत धनजमानी दिनेहरुः**

| | |
|---|---|
| नाम : **कमला कुमारी सापकोटा**<br>बाबु : प्रेम लाल कँडेल<br>बाजे : चुडाँमणी कँडेल<br>ठेगाना : भरतपुरवडा नं.१०, चितवन<br>ना.प्र.नं. ३५/६३६५/०५९<br>जारी मिति : २०५९/११/०६<br> | नाम : **आरती सापकोटा**<br>बाबु : गौरीश्वर सापकोटा<br>बाजे : चक्रपाणी सापकोटा<br>ठेगाना : भरतपुर वडा नं.१०, चितवन<br>ना.प्र.नंः ३५-०१-७५-०७७४६<br>जारी मिति : २०७५-०७-१६<br> |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरुः**

१. बोलपत्र आबेदन फाराम यस बैंकको कर्पोरेट कार्यालय, बनेपा तथा शाखा कार्यालय टाँडीबाट रु.१,०००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ साथै शिलबन्दी बोलपत्र टाँडी शाखामा मिति २०७८/०८/२६ गते दिनको ठिक ४ बजे सम्ममा पेश गर्नु पर्नेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्टसंग उल्लेख गर्नु पर्नेछ ।
३. माथि उल्लेखित सम्पत्तिहरु जंहा जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार्ने गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. उल्लेखित सम्पत्ति एकमुष्ट वा छुट्टा-छुट्टै, पुरा वा एक कित्ता पनि कवोल गर्न सकिने छ र आफूले बोलकबोल गरेको सम्पत्तिको बिवरण स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
५. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा १० (दश) प्रतिशत रकम यस बैंकको खाता नं."९४६४६६५०१" मा नगद जम्मा गरिएको भौचर वा बैंकको नाममा खिचिएको "Good For Payment" चेक वा ड्राफ्ट शिलबन्दी बोलपत्रको साथै पेश गर्नु पर्नेछ ।
६. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था, भएमा फर्म दर्ता प्रमाणपत्र तथा कर दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।
७. बोलपत्र खोलिने दिनमा सार्बजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा बोलपत्र खोल्ने कार्य हुनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
८. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समयभित्र यस बैंकको कर्पोरेट कार्यालय बनेपामा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ ।
९. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
१०. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रष्ट्रिेशन दस्तुर, कर तथा अन्य शुल्क इत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
११. बोलपत्र दाखिल भईसकेपछी बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन तथा धरौटी रकममा कुनै व्याज प्रदान गरिने छैन ।
१२. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कार्यवाही हुनेछैन ।
१३. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहने छ ।
१४. बोलपत्र सदरबदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी बिना व्याज धरौटी रकम फिर्ता दिइनेछ ।
१५. लिलाम बिक्री गर्ने भनिएको उल्लेखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ ले दिएको अधिकार प्रयोग गरी यस बैंकले आफैं सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ ।
१६. बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १६ औ दिनको दिन अर्थात २०७८/०८/२७ गतेका दिन दिनको ठिक ३.०० बजे टाँडी शाखामा खोलिनेछ ।
१७. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**Sindhu Bikash Bank Ltd.**
**सिन्धु विकास बैंक लि.**

प्रधान कार्यालय : बाह्रबिसे-१, सिन्धुपाल्चोक
कर्पोरेट कार्यालय : बनेपा, काभ्रेपलाञ्चोक
फोनः ०११-६६२३४०/४१/५१
टाँडी शाखा : टाँडी, चितवन, फोन : ०५६-५६३१४४
URL:www.sindhubank.com.np